पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीबिसौना, कालिकोट
कर्णाली प्रदेश, नेपाल

अध्यक्ष: ९८५८३२२३४४
प्र.प्र.अ: ९८५८३२०८३८
IT: ९८४८२२४९३१
E-mail: ito.palatamun@gmail.com
Website: www.palatamun.gov.np

पत्र संख्या:२०८१|०८२ (रोजगार सेवा केन्द्र)
चलानी नं.:

मिति: २०८१/११/०२
ने.सं. ११४५, सिल्लागा: २, शुक्रवार

# बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुने निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

श्री वडा कार्यालय (सबै)
पलाँता गाउँपालिका, कालिकोट।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५(दोस्रो संशोधन, २०७८) को दफा १८ बमोजिम यस पलाँता गाउँपालिकामा आगामी आ.व. २०८२|०८३ मा न्यूनतम रोजगारीमा संलग्न हुन ईच्छुक १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका सबै बेरोजगार नेपाली नागरिकहरुले आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा मिति २०८१ फाल्गुन मसान्त भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५(दोस्रो संशोधन, २०७८) को अनुसूची १ बमोजिम तोकिएको निवेदनको ढाँचामा तपशिल बमोजिमका कागजात सहित निवेदन दिनहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
रीतपूर्वक नभरिएका निवेदनहरू स्वतः रद्ध हुनेछन्।

तपशिलः

क. निवेदकले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू

१. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि - १ थान
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो - १ थान
३. आफ्नो परिवारका सम्पूर्ण सदस्यहरूको हकमा नागरिकता भए नागरिकता र नागरिकता नहुनेको हकमा जन्मदर्ता को प्रतिलिपि - १/१ थान
४. बसाईसराई गरी आएकाहरूको हकमा सोको प्रमाण-पत्रको प्रतिलिपि - १ थान
५. अन्य जिल्लावाट नागरिकता भएको महिलाको हकमा विवाह दर्ताको प्रतिलिपि - १ थान
६. कुनै सीपमूलक तालिम लिएको भए सोको प्रमाण-पत्रको प्रतिलिपि - १ थान

*नोटः निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्र (पलाँता गाउँपालिका) मा उपलब्ध छ। साथै यस गाउँपालिको वेबसाईट- www.palatamun.gov.np मा पनि उपलब्ध रहेको छ।*

गौरव
.......................
गौरव नेपाल
नि. प्रमुख प्रशासकीय अधिकृत

गौरव नेपाल
नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner